देवदह नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
देवदह-केरवानी, रुपन्देही
प्रदेश नं. ५

देवदह नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना
**प्रथम पटक प्रकासित मिति २०७७/०४/१६**

यस देवदह नगरपालिका कार्यालयको चालु आ.व.०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराउनु पर्ने भएकाले उक्त कार्य गर्न इच्छुक परामर्शदाताबाट रितपूर्वकको छुट्टाछुट्टै प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले २०७७।०४।२३ गते भित्र अध्यावधिक नविकरण गरेको फर्म दर्ताको इजाजत पत्र, मू.अ.क.मा दर्ता भएको प्रमाण पत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि भएको परामर्शदाताद्धारा यस कार्यालयको वेभसाईट बाट आव्हान पत्र( TOR)डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

२. यस कार्यालयबाट प्राप्त प्रस्ताव आव्हान पत्र (TOR) प्रथम पटक प्रकाशित मितिले २०७७।०४।२३ गते दिनको १२ बजे सम्म प्राविधिक तथा आर्थिक प्रस्ताव बेग्लाबेग्लै खाममा शिलबन्दी गरी पुनः दुवै प्रस्तावहरु एउटै खाममा शिलबन्दी गरी परामर्शदाताको नाम, ठेक्का नं., कामको विवरण र ठेगाना स्पष्ट उल्लेख गरी फर्मको छांप लगाई शिलबन्दी लाहा छांप गरी यस कार्यालयमा दर्ता गराउन सकिने छ। यसरी दर्ता हुन आएका प्रविधिक प्रस्तावहरु सोही दिनको २.०० बजे प्रस्तावकहरुको प्रतिनिधि तथा यस कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलीनेछ। प्रस्तावकको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

३. प्राविधिक प्रस्तावहरुको मूल्यांकनको आधारमा छनौट भएका परामर्शदाताहरुको आर्थिक प्रस्तावहरु मात्र प्रस्तावदाता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। प्रस्तावकको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन

४. प्राविधिक प्रस्तावमा अध्ययन टोलीमा संलग्न हुने सबै जनशक्ति सहितको व्यक्तिगत विवरण र परामर्शदाताबाट दस्तखत गरि प्रमाणित भई समावेश गर्नु पर्नेछ।

५. आर्थिक प्रस्तावहरुमा दररेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखेको दररेटलाई मान्यता दिईनेछ।

६. रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको प्रस्तावलाई मान्यता दिइने छैन।

७. यो सूचनामा उल्लेख नभएको कुराको हकमा TOR Document, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

८. थप जानकारीको लागि नगरपालिकाको पूर्वाधार शाखामा सम्पर्क गर्नुहोला।

| क.स. | ठेक्का नं. | कामको विवरण | देवदह कार्यालयबाट उपलब्ध गराइने कागजात |
|---|---|---|---|
| 1 | MUN-CONS-01-077-078 | Quantity Evaluation of Earthwork Filling in Devdaha Football Stadium, Devdaha-05 | TOR Document |

नोटः
१. फर्मको न्युन्तम योग्यता कम्तिमा ५ वर्षको अनुभव र एउटा स्टेडियमको DPR तयार गरेको हुनुपर्ने।
२. आर्थिक प्रस्ताव पेश गर्दा रु. १,००,०००।- भ्याट समेतमा नबढनेगरी पेश गर्नुपर्ने।

देवदह नगरकार्यपालिकाको कार्यालय
देवदह, रुपन्देही

हरिदत्त ढकाल
प्रमुख प्रशासकीय अधिकृत